**अनुसूची २**

(दफा  तथा अनुसूची-को भाग-२ सँग सम्बन्धित)

जोशीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ४ मितिः २०७९/०९/१८

प्रमाणीकरण मिति :२०७९/०९/१९

**भाग-२**

**जोशीपुर गाउँपालिका**

## जोशीपुर गाउँपालिका संघ, संस्था,विद्यालय,समिति,संस्कृतिक सम्बर्द्धन जस्तालाई आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७९

**प्रस्तावना** : यस जोशीपुर गाउँपालिकामा रहेका गरिब, विपन्न ,असहायहरु, कडा रोग लागेका, दुर्घटनामा परेका, ठुलो शल्यक्रिया गर्नु पर्ने अवस्थामा रहेका व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियाशील संघ, संस्था र संगठनहरु संगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवस्थित गर्न एवं आर्थिक पारदर्शीता कायम गर्न जोशीपुर गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम जोशीपुर गाउँपालिका आर्थिक सहायता सम्बन्धीत कार्यविधि,२०७९ बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो कार्यविधिको नाम “ जोशीपुर गाउँपालिका संघ संस्था आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७९” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन ,२०७४ लाई सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” भन्नाले जोशिपुर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका “ भन्नाले जोशीपुर गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) “कार्यालय” भन्नाले गाउँपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “आर्थिक सहायता “ भन्नाले जोशीपुर गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोगलाई सम्झनु पर्दछ ।

(च) “गाउँपालिका बासी “ भन्नाले जोशीपुर गाउँपालिकामा स्थायी बसोबास गरेको व्यक्ति सम्झनु पर्दछ ।

(छ) “सडक आश्रित मानव” भन्नाले कुनै पनि सहारा नभएको, वेवारिसे र जोशीपुर गाउँपालिका क्षेत्र भित्रको सडक पेटी वा सार्वजनिक स्थललाई नै आश्रयको स्थल बनाएको व्यक्ति सम्झनु पर्दछ ।

## परिच्छेद -२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. गाउँ<u>पालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ</u> ।**

(१) दुर्घटना : गाउँपालिका बासी कुनै ठुलो दुर्घटनामा परी जसका कारणबाट अंगभंग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको र गरिबी एवं विपन्नता लगायतका कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्था रहेको व्यक्तिलाई अवस्था हेरी एक पटकमा रु.दुई हजार देखि रु. पाँच हजार सम्म उपलब्ध गराउन सकिनेछ ।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(२) औषधी उपचार : कुनै पनि रोग लागि अस्पताल भर्ना भई उपचार गराइरहेका गरिबी एवं विपन्नताका कारण उपचार गराउन नसकी समस्यामा परेको गाउँपालिकाबासीलाई अवस्था हेरी रोग सँग सम्बन्धित कागजातका आधारमा एक पटकमा बढीमा रु. पन्ध्र हजार सम्म उपलब्ध गराउन सकिनेछ ।

(३) जनप्रतिनिधि एवं कर्मचारीहरुलाई औषधी उपचार : यस गाउँपालिकाका जनप्रतिनिधि एवं कार्यरत कर्मचारीहरुलाई कुनै पनि रोग लागि अस्पताल भर्ना भई उपचार गराइरहेका अवसुथामा रोगसँग सम्बन्धित कागजातका आधारमा बढीमा रु.पचास हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(४) असहाय : यस गाउँपालिकामा बसोबास गर्ने कुनै पनि प्रकारका आफन्तजन नभई बेवारीसे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको, जेष्ठ नागरिक भत्ता नपाउने गरेको साथै आर्थिक उपार्जन तथा काम गरी खान नसक्ने अवस्थामा भएको गाउँपालिका बासी वा सडक आश्रित मानवले आर्थिक सहयोग माग गरेमा त्यस्ता असहायको अवस्था हेरी एक पटकमा रु.एक हजार देखि पाँच हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(५) गरिब तथा विपन्न वर्गलाई आर्थिक सहायता : यस गाउँपालिकामा स्थायीरुपमा बसोबास गर्ने गरिब तथा विपन्न वर्गलाई बस्ने बास बनाउनका लागि तोकिएका कागजातका आधारमा बढीमा रु पन्ध्र हजार आर्थिक सहजयता उपलब्ध गराउन सकिने छ ।

(६) संघ संस्था र संगठन : यस गाउँपालिकामा स्थापना भएका ,दर्ता भएका , सूचीकृत भएका र गाउँपालिकाको क्षेत्र एवं राष्ट्रको हित अनुकुल हुने गरी संजाल र महासंघ प्रकृतिका संघ, संस्था र संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा गाउँपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गर्न सकिनेछ। उक्त कार्यक्रमले जिल्ला तथा गाउँपालिकाको पर्यटन प्रवर्द्धन , गाउँपालिकाको विकास लगायत समाजिक क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनु पर्नेछ ।क्लब तथा संघ संस्थाको बार्षिक साधारण सभा, बार्षिक नियमित कार्यक्रममा सहयोग प्रदान हुने छैन ।

(६.१) वडा ,गाउँपालिका र जिल्ला स्तर कार्यक्रम :

(क) गाउँपालिका स्तरका संघ/संस्था र संगठनले आयोजना गरेको कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा रु.पाँच हजार देखि दश हजार सम्म उपलब्ध गराउन सकिनेछ।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(ख) जिल्ला स्तर संघ/संस्था र संगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा रु. पाँच हजार देखि पन्ध्र हजार सम्म उपलब्ध गराउन सकिनेछ ।

(६.२) प्रदेश र केन्द्र स्तर कार्यक्रम :

(क) प्रदेश स्तरका संघ/संस्था र संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा रु. पाँच हजार देखि बीस हजार सम्म उपलब्ध गराउन सकिनेछ ।

(ख) प्रदेश स्तर भन्दा माथिका संघ/संस्था र संगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा रु.पाँच हजार देखि पच्चीस हजार सम्म उपलब्ध गराउन सकिनेछ ।

(७) उपदफा (१), (२) ,(३), (४) ,(५) र (६) मा उल्लिखत आर्थिक सहायता बाहेकको प्रकृति र अवस्था हेरी थप आर्थिक सहायता आवश्यक पर्ने भएमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिमको आर्थिक सहायता रकम उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद -३
## आर्थिक सहायता भुक्तानी प्रकृया

४. **<u>भुक्तानी प्रकृया</u>** :नगर प्रमुखको निर्णयानुसार वा नगर प्रमुखलाई जानकारी गराई आर्थिक सहायताको भुक्तानी प्रकृया देहाय बमोजिम हुनेछ ।

(१) मानवीय सहायता : दफा ३ को उपदफा (१) ,(२) ,(३) ,(४) र (५) बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम हुनेछ ।

(क) आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति वा निजको तर्फबाट नजिकका नातेदारले अनुसूची १ बमोजिमको निवेदन भरी र आवश्यक कागजात संलग्न गरी सम्बन्धित वडा कार्यालयबाट सिफरिस लिई गाउँपालिकामा निवेदन दिनुपर्नेछ । असहाय/आर्थिक अवस्था कमजोर / विपन्न भएको भनी विश्वार लागेमा ठाडो निवेदनको आधारमा पनि निर्देशिकाले तोके अनुसारको आर्थिक सहायता दिन सकिनेछ ।

(ख) रोग लागेका व्यक्ति/ जनप्रतिनिधि/कर्मचारी वा निजको तर्फबाट नजिकका नातेदारले गाउँपालिकाबाट आर्थिक सहायता प्राप्त गर्न अनुसूची २ बमोजिमको निवेदा भरी र आवश्यक कागजात संलग्न गरी सम्बन्धित वडा कार्यालय र गाउँपालिका स्वास्थ्य शाखाबाट समेत सिफारिस लिई गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।



जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(२) संघ/ संस्था/संगठनको हकमा अनुसूची ३ बमोजिमको निवेदन भरी आवश्यक कागजात संलग्न गरी कार्यक्रम संचालन हुने/ भएको सम्बन्धित वडा कार्यालयबाट गरेको सिफारिस सहित पेश भएपछि सहयोग उपलब्ध गराउन सकिनेछ ।

(३) रु.२०००।– सम्मको सहायता रकम नगदमा उपलब्ध गरायन सकिने छ भने रु.२०००।– भन्दा माथिको सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्ने छ ।

(४) गाउँ सभा ले विनियोजन गरेको बजेटको परिधि भित्र रहि एक व्यक्तिलाई एउटा घटनामा एक पटक र संघ संस्थालाई एक आर्थिक बर्षमा एक पटक भन्दा वढी आर्थिक सहयोग गरिने छैन ।

**५.<u>यसै कार्यविधि बमोजिम मानिने</u>** : यस गाउँपालिकाबाट यस अघि गरेका आर्थिक सहायता सम्बन्धी भए गरेको काम कारवाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

**६. <u>कार्यविधिको व्याख्या, संशोधन तथा अनुसूची हेरफेर</u>** : यस कार्यविधिको व्याख्या , संशोधन र अनुसूची हेरफेर गर्नु परेमा कार्यपालिकाले गर्नेछ ।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## अनुसूची -१

## आर्थिक सहायता माग गर्न गाउँपालिकामा पेश गर्ने निवेदन

मितिः ......................................

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू
जोशीपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली

**बिषय : आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय ,

प्रस्तुत विषयमा कैलाली जिल्ला, जोशीपुर गाउँपालिका वडा नं.......................बस्ने म निवेदक/ मेरो ..............................दुर्घटना / असहाय भएको व्यहोरा अवगत गराउँदछु । मेरो / निजको आर्थिक अवस्था नाजुक भएकोले "जोशीपुर गाउँपालिका संघ संस्था आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०७९" को व्यबस्था बमोजिम आर्थिक सहायता उपलब्ध गराई दिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

निवेदन साथ संलग्न कागजातहरु :

(क) दुर्घटनामा परेको/असहाय व्यक्तिको नागरिकता/ जन्मदर्ता/ विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ख) गाउँपालिकामा स्थायी बसोबास गरेको खुल्ने कागजातको प्रतिलिपि,

(ग) दुर्घटनामा परेको/ असहाय व्यक्तिको नजिकको नातेदार भए नाता खुल्ने कागजात र निजको नागरिकता/ विवाहदर्ता प्रमाण पत्रको प्रतिलिपि ,

(घ) सम्बन्धीत वडा कार्यालयको सिफारिश ,

(ङ) दुर्घटनामा परेको भए प्रहरी कार्यालयको मुचुल्काको प्रतिलिपि, अस्पतालमा भर्ना भई उपचार गराइरहेको कागज र औषधि उपचार खर्च भएको सक्कलै बिल,

(च) आवास विहिनको हकमा सर्जमिन मुचुल्का , वडा समितिको निर्णय र नक्सापास ।

निवेदक
हस्ताक्षरः
नाम थरः
ठेगानाः
सम्पर्क नं.:

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## अनुसूची -२

## स्वास्थ्य उपचारका लागि आर्थिक सहायता मा गर्न गाउँपालिकामा पेश गर्ने निवेदन

मिति: ..............................

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू
जोशीपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जोशीपुर ,कैलाली

**विषय : स्वास्थ्य उपचारका लागि आर्थिक सहायता पाउँ ।**

प्रस्तुत विषयमा कैलाली जिल्ला, जोशीपुर गाउँपालिका वडा नं......................बस्ने म निवेदक/ मेरो...........................................लाई .......................................................................रोग लागि हाल .................................................अस्पतालमा उपचार गराई रहेको हुँदा "जोशीपुर गाउँपालिका संघ संस्था आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०७९" को व्यबस्था बमोजिम उपलब्ध हुने आर्थिक सहायता पाउन सम्बन्धित वडा कार्यालयको सिफारिस साथ यो निवेदन पेश गरेको छु ।

**निवेदन साथ संलग्न कागजातहरु :**

(क) बिरामीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
(ख) स्थायी बसोबास गरेको खुल्ने कागजातको प्रतिलिपि,
(ग) बिरामीको नजिकको नातेदार भए नाता खुल्ने कागजात र निजको नागरिकता प्रमाण पत्रको प्रतिलिपि
(घ) सम्बन्धित वडा कार्यालयको एवं स्वास्थ्य शाखाको सिफारिश,
(ङ) अस्पतालमा भर्ना भई उपचार गराइरहेको कागज वा सम्बन्धित अस्पतालले रोग प्रमाणित गरेको कागजातको प्रतिलिपि,
(च) औषधि उपचारमा खर्च भएको सक्कलै बिल ।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

निवेदक
हस्ताक्षर:
नाम थर:
ठेगाना:
सम्पर्क नं.:

## अनुसूची -३

## संघ संस्था आदिले आर्थिक सहायता मा गर्न गाउँपालिकामा पेश गर्ने निवेदन

मिति: ..............................

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू
जोशीपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जोशीपुर ,कैलाली

**विषय : आर्थिक सहायता उपलब्ध गराई दिनु हुन ।**

महोदय ,

प्रस्तुत विषयमा...........................ठेगाना रहेको ............................................संघ/संस्था/समुह/क्लब लाई ............................................संचालन गर्नु पर्ने भएकोले यस संघ/संस्था/समुह/क्लब बाट विनियोजन रकम अपुग हुने भएको हुदाँ सो प्रयोजनका लागि "जोशीपुर गाउँपालिका संघ संस्था आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०७९" को व्यबस्था बमोजिम आर्थिक सहायता उपलब्ध गराई दिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि यो निवेदन पेश गरिएको छ । यस संस्थाको यस गाउँपालिकासँग सम्बन्धित तिर्नु बुझाउनु वा फछ्र्यौट गर्नु पर्ने कर महसुल, बक्यौता, पेश्की बेरुजु बाँकी नरहेको र प्राप्त सहयोग सम्बन्धित शिर्षकमा नै खर्च हुने व्यहोरा समर्त जानकारी गराउन चाहन्छु ।

**निवेदन साथ संलग्न कागजातहरु :**

(क) संस्था दर्ता , कर चुक्ता, प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि,
(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस,
(ग) संचालन गर्ने कार्यक्रमको प्रस्तावना प्रतिवेदन र बिल भरपाई ।

निवेदक
हस्ताक्षर:
नाम थर:
पद:
संस्थाको
ठेगाना:
सम्पर्क नं.:
संस्थाको छाप:

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३